का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ कात्तिक २०८१,
बिहीबार
24 October, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


ईपेपर हेर्नु

वर्ष २२, अंक २४८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एक वर्षमै हराए १५ हजार बढी मानिस

## औसतमा हराउँछन् हरेक दिन ४२ जना

मानिस हराउने र भेटिने संख्यामा तालमेल छैन । नभेटिएका नागरिकको खबरप्रति सरकार बेखबर छ ।








आर्थिक अवस्था कमजोर हुँदा घर छोडिदिन्छन् । प्रेममा परेर पनि घर छाड्छन् । रोगका कारण, पारिवारिक हेरचाह नपाएर, सम्पत्तिको स्वामित्व गुमाएर र परिवारबाट हेलामा परेर पनि नागरिकहरू हराएका छन् ।

■ **दानबहादुर कार्की**
**प्रहरी नायव महानिरीक्षक**
**प्रहरी प्रधान कार्यालय**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ कात्तिक ।

हरेक दिन औसतमा ४२ जना मानिस हराउने गरेको पाइएको छ ।

प्रहरी प्रधान कार्यालय अनुसार दैनिक औसतमा ४२ जना हराउने गरेको पाइएको हो । आर्थिक वर्ष २०८०/८१ को एक वर्षको अवधिमा १५ हजार छ सय ८३ जना हराएका थिए । विशेगरी गरिबीका कारण घर छोडेर हिड्ने, अवसरको खोजीमा निस्किने र प्राकृतिक विपत्तिले घरको अवस्था विग्रिनाले खबर नगरी व्यक्ति वेपत्ता हुने गरेका छन् । प्रहरी प्रधान कार्यालयका प्रवक्ता एवम् सूचना अधिकारी प्रहरी नायव महानिरीक्षक दान बहादुर कार्कीका अनुसार हराएका मानिसहरुमध्ये सबैभन्दा बढी महिला रहेका छन् । एक अर्थिक वर्षमा देशभरिबाट पाँच हजार आठ सय ६४ जना महिला मात्रै हराएका छन् । पारिवारिक »» पृष्ठ २ मा

### तीन महिनामा हराए चार हजार

चालु आर्थिक वर्षको तीन महिनामा हराउनेको संख्या चार हजार नाघेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार साउनदेखि असोज मसान्तसम्म कुल चार हजार दुई सय ७२ जना मानिस हराएका छन् । यो तीन महिना अवधिलाई हेर्ने हो भने हरेक दिन औसतमा ४७ जना मानिस हराउने गरेका छन् । चालु आर्थिक वर्षमा समेत महिला नै अधिक हराएका छन् । तीन महिनाको अवधिमा एक हजार पाँच सय ५१ जना महिला हराएका छन् । यसैगरी, बालिका एक हजार तीन ४३ जना, पुरुष सात ६४ जना, बालक पाँच सय २० जना, वृद्ध ५७ जना र वृद्धा ३७ जना हराएको »» पृष्ठ २ मा

# असन्तुष्ट समूह मिलाउँदै माधव



**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ७ कात्तिक ।

नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले पार्टीभित्रका असन्तुष्ट समूहका नेताहरूसँग संवाद शुरु गरेका छन् । सरकारले दल विभाजनलाई सहज हुने गरी राजनीतिक दल सम्बन्धी ऐन संशोधन अध्यादेश ल्याउने तयारी गरेसँगै एकीकृत समाजवादी चरम विवादमा फसेको थियो । तर, अध्यादेश तत्काल नआउने भएपछि पार्टी अध्यक्ष नेपाल अन्तरसंघर्ष मत्थर पार्ने प्रयासमा लागेका हुन् ।

महाधिवेशन र नेतृत्व चयनको प्रक्रियाप्रति असहमति जनाउँदै असन्तुष्ट बनेका नेताहरूले यसअघि अध्यक्ष नेपालसँग भेटेर ज्ञापनपत्र बुझाएका थिए । पार्टी फुटको चेतावनी दिने गरी ज्ञापनपत्र दिइएपछि एकीकृत समाजवादी फुटको संघारमा पुगेको नेताहरूले बताएका थिए । नेताहरूका अनुसार अध्यादेश तत्काल नआउने भएसँगै एकीकृत समाजवादीको फुट टरेको छ । त्यसपछि अध्यक्ष नेपाल विवाद मत्थर पार्ने प्रयासमा लागेका हुन् । नेताहरू पार्टीभित्र एक भन्दा बढी समूह असन्तुष्ट छन् । अध्यक्ष नेपालले बुधबार असन्तुष्ट नेताहरूसँग फरक-फरक भेटेका छन् । भेट सकारात्मक भएको नेताहरू बताउँछन् । उपमहासचिव



पार्टीको आन्तरिक एकता कायम गर्दै नेपाली क्रान्तिको समाजवादी कार्यक्रम पूरा गर्नुपर्छ भन्नेमा सबै सहमत छन् । यसअनुसार अगाडि बढ्ने समझदारी भएको छ ।

■ **जीवनराम श्रेष्ठ**
**नेता, एकीकृत समाजवादी**

रामकुमार भट्टराईका अनुसार अध्यक्ष नेपाल र नेताहरूबिचको छलफलमा असन्तुष्ट रहेका नेताहरूलाई पार्टी कामको जिम्मेवारी दिने समझदारी भएको छ । अध्यक्ष नेपाल लगायतका नेताहरुले असन्तुष्ट नेताहरूसँग छलफल गर्ने क्रममा »» पृष्ठ २ मा

## विपद्ले देशभर २५० विद्यालयमा क्षति

# साढे दुई लाख विद्यार्थीको पठनपाठन प्रभावित



बाढी, पहिरो र डुबानमा परेर देशभरका २५० विद्यालयमा क्षति भएको छ । क्षतिको आंकलन गरेर पुनर्स्थापनाको तयारीमा लागेको सरकारी अधिकारीहरु बताउँछन् ।

**लेखनाथ सिकारू/मध्यान्ह**
काठमाडौं, ७ कात्तिक ।

गत असोज ११ र १२ गतेको अविरल वर्षापछिको बाढी, पहिरो र डुबानमा परेर देशभरका २ सय ५० विद्यालयमा क्षति भएको पाइएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार प्राकृतिक विपद्का कारण २ सय सामुदायिक र ५० संस्थागत विद्यालय गरी २ सय ५० विद्यालयमा क्षति पुगेको हो ।

विपद्ले भौतिक पूर्वाधारमा क्षति पुऱ्याउँदा सबै विद्यालयमा गरी करिब २ लाख ५० हजार विद्यार्थीको पठनपाठन प्रभावित भएको छ । भौतिक क्षतिको आंकलन गरेर पुनर्स्थापनाको तयारीमा लागेको सरकारी अधिकारीहरू बताउँछन् । शिक्षा मन्त्रालयका प्रवक्ता लक्ष्मीप्रसाद भट्टराईले »» पृष्ठ २ मा

### १७ जना विद्यार्थीको मृत्यु

शिक्षा मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार गत असोज ११ र १२ गतेको अविरल वर्षापछिको विपद्मा परेर १७ जना विद्यार्थीको मृत्यु भएको छ ।

बुटवलको कालिका मानविज्ञान माविका दिपेश भट्टराई र दीपिका भट्टराईसहित उनीहरूकी आमाको भ्याप्ले खोलाको पहिरोमा »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# घरेलु काममा लगाइदिन्छु भनेर कुवेतमा बन्धक

**सपना बोहरा/मध्यान्ह**
दाङ, ७ कात्तिक

दाङकी एक महिलालाई घरेलु काममा लगाउने भन्दै कुवेतमा बन्धक बनाएर राखेको खुलासा भएको छ । घोराही उपमहानगरपालिका वडा नम्बर १७ चौघेराकी ३० वर्षीया गीता थापालाई कुवेतमा बन्धक बनाएर राखेको खुलासा भएको हो ।

थापाका श्रीमान विष्णु थापाले गत असोज ३० गते जिल्ला प्रशासन कार्यालय दाङमा सञ्चालनमा रहेको सुरक्षित आप्रवासन सामी कार्यक्रमको कार्यालयमा उजुरी दिएपछि थापालाई कुवेतमा बन्धक बनाइएको खुलासा भएको हो । उनका श्रीमान थापाले श्रीमतीलाई घरेलु काममा लगाइदिन्छु भनेर कुवेत लगेर बन्धक बनाइएको बताकाएका छन् । आफ्नी श्रीमतीले बन्धकमा पारेर दुर्व्यबहार गरेको, मानसिक र शारीरिक यातना दिएकोलगायतका फोटो तथा भिडियोहरू म्यासेजमा पठाएर उद्धार गर्न अनुरोध गरेको श्रीमान थापाले बताए ।

वैदेशिक रोजगारका लागि प्रक्रिया पुऱ्याउने क्रममा चिनजान भएको २८ वर्षीय »» पृष्ठ २ मा

### वैदेशिक रोजगार क्षेत्रमा सरकारको सयदिने उपलब्धि के–के ?

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले वैदेशिक रोजगारका क्रममा मृत्यु भएका कामदारको आश्रित परिवारलाई १० लाख रुपैयाँ क्षतिपूर्ति प्रदान गर्ने काम ठूलो उपलब्धि भएको बताएका छन् । बुधबार सरकारको एक सय दिनको उलपब्धि सार्वजनिक गर्दै प्रधानमन्त्री ओलीले वैदेशिक रोजगारीमा मृत्यु भएकाहरूको परिवारलाई यसअघि »» पृष्ठ २ मा

### युनिभर्सल ट्राभलको एकाधिकारविरुद्ध रिट

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया जाने नेपाली कामदारले खुला बजारबाट हवाई टिकट खरिद गर्न पाउनुपर्ने माग गर्दै उच्च अदालत पाटनमा मंगलबार रिट दायर भएको छ ।

ईपीएस शाखा ग्वार्कोले रोजगार अनुमति प्रणालीअन्तर्गत दक्षिण कोरिया »» पृष्ठ २ मा

# संसदीयमैत्री समूह गठनमै लफडा

नेपाली कांग्रेस र नेकपा एमालेले रोजेर २६ वटा देशको संयोजक लिने र बाँकीमा अन्य दलले दाबी गर्न पाउने भनिएपछि ४४ वटा देशमा गठन हुने भनिएको संसदीयमैत्री समूह गठनमै लफडा परेको हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ७ कात्तिक ।

प्रतिनिधि सभाको चालु कार्यकालको दुई वर्ष पूरा हुन लाग्यो । तर, संसदीय मैत्री समूह गठनमा भने राजनीतिक दलहरू सहमत भएका छैनन् ।

नेपाली कांग्रेस र नेकपा एमालेले रोजेर २६ वटा देशको संयोजक लिने र बाँकीमा अन्य दलले दाबी गर्न पाउने भनिएपछि ४४ वटा देशमा गठन हुने भनिएको संसदीय मैत्री समूह गठनमै लफडा परेको हो ।

नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौलाका अनुसार ४४ वटा देशमा संसदीय मैत्री समुह गठनको गृहकार्य अगाडि बढेको छ । राजनीतिक दलहरूले आफ्नो दलको सदस्य कुन देशको मैत्री समुहमा रहने भनेर पठाइसकेका छन् ।

संघीय संसद सचिवालयले संसदमा रहेको दलहरूको संसद संख्याको आधारमा कुन दलले कति वटा देशको मैत्री समुहको संयोजक पाउने भनेर समेत तय गरिसकेको छ । तय भए अनुसार नेपाली कांग्रेसले १४ वटा देशको संयोजक पाउनेछ । नेकपा एमालेले १२ वटा देशको संयोजक, माओवादी केन्द्रले ६ वटा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चार वटा देशको संयोजक पाउने तय भएको छ । बाँकी देशमा अन्य दलबाट संयोजक हुनेछन् ।

तर, कुन देशको संयोजक को हुने भन्ने विषयमा दलहरुका बीचमा कुरा नमिल्दा मैत्री समुह गठनले औपचारिक पाउन नसकेको हो । 'हामीले आफ्ना सदस्य पठाइसक्यौं । तर, संयोजक तय गर्न बाँकी छ' बर्तौलाले भने । उनका अनुसार सहमति नभए प्रक्रियाका आधारमा »» पृष्ठ २ मा

# सरकारको प्राथमिकता : थालेका काम अघि बढाउने, निर्धारित समयमा सक्ने

**काठमाडौं/मस**–थालेका काम समयमा पूरा नहुने र नयाँ-नयाँ आयोजना थपिने क्रमलाई अन्त्य गर्न सरकारले विशेष ध्यान दिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले सय दिने कार्यअवधिमा भएका प्रगति सार्वजनिक गर्ने क्रममा बुधबार आफूले जनताको विश्वास र भरोसाका आधारमा जनताका नाममा खाएको शपथलाई जनताकै लागि समर्पित गर्ने अठोट पनि अभिव्यक्त गरे।

प्रधानमन्त्री ओलीले गत साउन ६ प्रतिनिधिसभामा विश्वासको मत लिँदै गर्दा सरकारका पाँचवटा प्राथमिकता प्रस्तुत गर्दा 'थालेका कामहरू अघि बढाउने र निर्धारित समयमा सक्ने' कुरालाई पहिलो प्राथमिकतामा राखेको सुनाएका थिए ।सिंहदरबारबाट सम्बोधन गर्दै सय दिनेको उपलब्धि सार्वजनिक गर्दा उनले आफ्ना ती भनाइलाई पुनःस्मरण गराउँदै संसद्मा गरिएको प्रतिबद्धताबाट अविचलित रहने स्पष्ट गरे।

सरकारको पहिलो सय दिनभित्र गर्ने कामको सङ्ख्या दुई सय ७४ वटा पुगेका छन्। तीमध्ये एक सय ८५ वटा काम सम्पन्न भएका छन्। अर्थात्, यो सरकारले आफूले गर्छु भनेको करिब ७० प्रतिशत काम सम्पन्न गरेको छ। यदि प्रकृति प्रतिकूल नभइदिएको भए बाँकी ३० प्रतिशत काम पनि यो सरकारले पूरा गर्ने थियो भन्ने प्रधानमन्त्री ओलीको स्पष्ट सन्देश रहेको छ।

गत असोज १० देखि १३ गते अकल्पनीय बाढीपहिरोको चपेटामा मुलुक पर्न गयो। यसै अवधिमा देशभर सात हजार १३५ वटा विभिन्न प्रकारका विपद्जन्य दुर्घटना भए। प्राकृतिक विपत्तिले धनजनको ठूलो क्षति गर्‍यो। कृषिबाली, पशुचौपाया एवं सडक, पुल, खानेपानी, सञ्चार, विद्यालय, विद्युत्लगायत भौतिक संरचनामा ठूलो नोक्सानी पुग्यो। विपत्तिबाट प्रभावित नागरिकको परिवारलाई तत्काल उद्धार, राहत, अत्यावश्यक भौतिक पूर्वाधार र सेवाको सञ्चालनलाई प्राथमिकतामा राखेर सरकारले काम अघि बढायो। पीडित परिवारको राहत, घाइतेको उद्धार र निःशुल्क उपचार, मृतकको



परिवारलाई आर्थिक सहयोग र प्रभावित नागरिकको सुरक्षित पुनःस्थापनमा सरकारलाई केन्द्रित गर्‍यो। बाढीपहिरोका कारण मृत्यु भएका तीन सय ९१ जनाको परिवारले रु दुई लाखका दरले राहत पाए। बाढीपहिरोबाट प्रभावित दुई हजार पाँच सय ५५ परिवारलाई रु चार करोड ५० लाख तत्काल राहत प्रदान गरिएको छ। संकटग्रस्त क्षेत्रका ७१ वटा स्थानीय तहमा रु ४३ करोड विनियोजन गरिएको छ। सरकारले बाढीपहिरोले क्षति पुर्‍याएका भौतिक संरचनाको निर्माणका कार्ययोजनासहित काम गरिरहेको छ। सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका जिल्लाको खानेपानी, विद्युत्, सडक, सञ्चारलगायतका अत्यावश्यक सेवा १५ दिनभित्र सञ्चालनमा ल्याउन जिल्ला विपद् व्यवस्थापन कोषमार्फत रकम उपलब्ध गराइसकेको छ।

'ठाउँ-ठाउँमा बाटाहरू भत्किएका थिए, सडकहरू पहिरोले पुरिएका थिए, र पुलहरू बाढीले बगाएका थिए। राजधानी आउने/जाने सबै बाटा बन्द थिए। प्राकृतिक प्रकोपका कारण चारैतिर एक किसिमको अत्यासलाग्दो अवस्था सिर्जना भएको थियो, जसले जनतामा त्रास छाएको थियो। पहिले त मानिसहरू डराएका थिए-सडक नबन्दा वा जोखिमका कारण कतै घर फर्कन नपाउने हो कि भन्ने डर थियो', प्रधानमन्त्री ओलीले भने,'तर, सरकारले ती चुनौतीपूर्ण परिस्थितिलाई कुशलतापूर्वक सम्हाल्यो। परिणामस्वरूप, राजधानी आउने बाटाहरू चालु अवस्थामा पुर्‍याए, अब बन्दै बन्दैन भनिएको राजमार्ग हुँदै सवारी साधन चल्न सुरु गरे।

# दुई थान बन्दुक र खयरको डमरुसहित पक्राउ

**मनोज साह/मध्यान्ह**
रौतहट, ७ कात्तिक

रौतहटको वन गस्तीटोलीले बुधबार बिहान राष्ट्रिय वन क्षेत्रबाट २ थान बन्दुक र खयरको २० थान डमरुसहित एकजनालाई पक्राउ गरेको छ। डिभिजन वन कार्यालय चन्द्रनिगाहपुर अन्तर्गत गैंडाटार सवडिभिजन वन कार्यालय रौतहटको रेन्जर विकाश लामिछानेको नेतृत्वमा गएको ५ जनाको गस्ती टोलीले बन्दुक र खयरको डमरुसहित एक जनालाई पक्राउ गरेको हो।

विषेश सूचनाको आधारमा रौतहटको चन्द्रपुर नगरपालिका वडा नं ३ को राष्ट्रिय वन क्षेत्रमा अतिक्रमण गरी बसेको ख्याकु गाउँको कान्छामान जिम्वालाई बन्दुकसहित पक्राउ गरेको रेन्जर लामिछानेले जानकारी दिए। ३ घण्टा वन क्षेत्रमा खोजेपछि जिम्बाको



गोठमा खानतलाशी गर्दा भरुवा वन्दुक थान २ र खयरबाट तयार भएको डमरु थान २० बरामद गरेको रेन्जर लामिछानेले बताए। पक्राउ परेका कान्छामान जिम्बालाई अवैध वन पैदावार हानी नोक्सानी र हातहतियार सम्बन्धी मुद्दा चल्ने र उनको बारेमा थप अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख वन अधिकृत हेमन्त साहले बताए। सो क्षेत्रमा अवैध खयर कटानी गरेको सूचनाको आधारमा आफुले गस्तीटोली पठाएको उनले बताए। केही दिन अगाडि पनि रौतहटको चन्द्रपुर नगरपालिका वडा नं. २ सानो खरियान डाँडामा वन अतिक्रमण हटाएर वृक्षारोपण गर्दा वन कर्मचारीमाथि हातपात गर्न खोजेका थिए। वन क्षेत्र जोगाउन स्थानीय जनप्रतिनिधिहरुको सहयोग अतिजरुरी भएको समेत वन प्रमुख साहको भनाइ छ।

### एक...

समस्याका कारण हराउनेमा महिलाको संख्या बढी रहेको सूचना अधिकारी कार्की बताउँछन्।

उनी भन्छन्, 'हिंसामा परेका कारणले, दुर्व्यवहारमा पर्नाले, कहिलेकाहीँ दाइजोका कारणले र मन नपरी विवाह गरिदिनाले घर छोडेर हिड्ने प्रवृति देखिन्छ।'महिलापश्चात् बालिकाहरु अधिक हराउनेमा पर्छन। एक आर्थिक वर्षमा चार हजार छ सय ५३ जना बालिका हराएको प्रहरीको तथ्याङ्क छ।

पुरुष तीन हजार एक सय ४५ जना, बालक एक हजार छ सय ५६ जना, वृद्ध एक सय ७६ जना र वृद्धा ५९ जना हराएका छन्।

बालबालिका हराउनुको कारण फकाउनु रहेको कार्की बताउँछन्। पुरुषहरुले भने आर्थिक अवस्था कमजोर हुँदा घर छोड्ने गरेको उनको भनाइ छ। 'आर्थिक अवस्था कमजोर हुँदा पनि महंगा-महंगा फोन चाहियो भन्ने, बाइक चाहियो भन्ने र नदिए घर छोड्दिन्छन् केटाहरु', उनले भने। साथै अध्ययन र कामको असफलताका कारण र प्रेमका कारण पनि पुरुष हराउने गरेको उनले बताए। 'प्रेमिकाले जाउँ भनिन्, घर छोडेर भाग्ने। लहैलहैमा लागेर पनि र मानसिक स्थिति ठिक नहुँदा पनि घर छोड्छन्'। उनले भने।

वृद्धावृद्धहरु भने रोगका कारण, पारिवारिक हेरचाह नपाएका कारण, सम्पत्तिको स्वामित्व गुमाउँदा र परिवारबाट हेला हुँदा हराउने गरेका छन्।

तर, भेटिने संख्या भने नौ हजार मात्रै छ। आर्थिक वर्ष २०८०/८१ मा हराएका १५ हजार छ सय ८३ जनामध्ये नौ हजार चार सय ९६ जना मात्रै भेटिएको प्रहरीको तथ्याङ्क छ।

तथ्याङ्कअनुसार तीन हजार नौ सय २५ जना महिला, दुई हजार पाँच सय १९ बालिका, पुरुष एक हजार आठ सय २६ जना, बालक एक हजार ६९ जना, वृद्ध एक १२ जना र ४५ जना वृद्धा भेटिएका हुन्।

### तीन...

प्रहरीले जनाएको छ। यो तीन महिनामा हराएकाहरूमध्ये भेटिने संख्या आधा छ। असोजसम्ममा हराएका कुल चार हजार दुई सय ७२ जना मध्येबाट आधा संख्या मात्र फेला परेको तथ्याङ्क छ। यस अवधिमा दुई हजार सात सय २३ जना भेटिएका छन्। जसमा महिला एक हजार ५४ जना, बालिका सात सय ८२ जना, पुरुष चार सय ८९ जना, बालक तीन सय ३७, वृद्ध ४३ र वृद्धा १८ जना रहेका छन्। हराएकाहरुको खोजीकार्यमा प्रहरी प्रशासन सक्रिय रुपमा लागिरहेको प्रवक्ता कार्की बताउँछन्।

उनी भन्छन्, 'हरायो भन्ने सूचना पाउनासाथ हुलियासहितको व्यक्तिको फोटो दिएर प्रहरीले सबैतिर सर्कुलर जारी हुन्छ। भेटिनासाथ नजिकको प्रहरी कार्यालयमा ल्याउन वा नजिकको व्यक्तिलाई भन्न अनुरोध गरिएको हुन्छ। साथै कोही प्रहरीको कारबाहीका क्रममा फेला पर्छन्, कोही अलपत्र परेका खोजतलास गर्दा भेटिन्छन्। त्यसपछि उनीहरु परिवारसँग कनेक्ट हुन्छन्।'

प्रवक्ता कार्की थप्छन्, 'स्वदेश तथा विदेशमा भएकाहरुको सरकारी तथा गैर-सरकारी संस्थाहरुसँगै सम्पर्क हुन्छ। सम्पर्क हुँदा कुराहरु सेयर हुन्छन् र यो मान्छे यता छ भन्ने थाहा भइसकेपछि खबर हुन्छ र भेटिन्छन्।'

साथै कोही व्यक्ति भने बाल आश्रम, वृद्धाश्रम, मानव आश्रम जस्ता संस्थाहरुमा भेटिने गरेको उनले बताए। हराएर फेला नपर्नेहरुको तथ्याङ्कमा अधिकांश प्रेमका कारण भागेकाहरु रहेको प्रवक्ता कार्कीको भनाइ छ। 'सानै उमेरमा प्रेममा परी भाग्छन्। समाजमा लाज हुन्छ, इज्जत जान्छ भन्ने डरले उजुरी भने हराएको आउँछ', उनले भने।

### असन्तुष्ट...

यस्तो सहमझदारी जुटेको हो। छलफलमा नेताहरूलाई जिम्मेवारी दिने सहमति जुटेको भन्दै नेताहरूले कुरा मिलेको बताएका हुन्। असन्तुष्ट पक्षका नेता जीवनराम श्रेष्ठका अनुसार अध्यक्षले छुट्टै बोलाएर कुरा गरेका हुन्। असन्तुष्ट समुहले उठाएका कुरामा समीक्षा भएको उनले बताए। असन्तुष्ट नेताहरूलाई जिम्मेवारी दिएर पार्टी काममा लगाउने विषयमा छलफल भएको उल्लेख गर्दै उनले पार्टीको आन्तरिक एकता कायम गर्दै नेपाली क्रान्तिको समाजवादी कार्यक्रम पुरा गर्नुपर्छ भन्नेमा सबै सहमत रहेको बताएका छन्।

उनी भन्छन्, 'पार्टीको आन्तरिक एकता कायम गर्दै नेपाली क्रान्तिको समाजवादी कार्यक्रम पुरा गर्नुपर्छ भन्नेमा सबै सहमत छन। यसअनुसार अगाडि बढ्ने समझदारी भएको छ।'

अध्यक्ष नेपालले बुधबार श्रेष्ठसहित विजय पौडेल, वंशीधर मिश्र, रामकुमारी झाँक्री लगायतका असन्तुष्ट नेताहरूसँग छलफल गरेका हुन्।

नेताहरूका अनुसार असन्तष्ट नेताहरूलाई के-के जिम्मेवारी दिने भनेर सचिवालय बैठक बसेर निर्णय हुनेछ।

### साढे...

सार्वजनिक गरेको विवरणअनुसार बाढी, पहिरो तथा डुबानका कारण कोशी प्रदेशको पाँचथर, संखुवासभा, तेह्रथुम, मोरङ, खोटाङ, मधेशको सप्तरी, सिरहा, सर्लाही र पर्साका विद्यालयमा क्षति पुगेको छ।

बागमतीको मकवानपुर, रसुवा, ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखा र धादिङ, गण्डकीको कास्की, म्याग्दी र बागलुङ, लुम्बिनीको गुल्मी, रूपन्देही, दाङ र नवलपरासी पश्चिम, कर्णालीको हुम्ला, जाजरकोट र सुर्खेतका विद्यालयमा पनि क्षति पुगेको छ। सुदूरपश्चिमको अछाम र बझाङ जिल्लामा समेत गरेर दुई सय सामुदायिक र करिब ५० संस्थागत विद्यालयमा क्षति पुगेको मन्त्रालयले जनाएको छ।

पहिरोले पाँचथरका मात्रै २१ विद्यालयमा क्षति पुगेको छ। शिक्षा तथा समन्वय इकाइ पाँचथरको तथ्यांक अनुसार २१ वटामध्ये आठ वटा विद्यालय उच्च जोखिममा छन्। आठ ८ वटा विद्यालयमा अझै पठन पाठन हुन सकेको छैन।

क्षतिग्रस्तमध्ये आठ वटा विद्यालय भवन निर्माण नभएसम्म पठनपाठन गर्न सकिने अवस्था नभएको शिक्षा विकास तथा समन्वय इकाइ पाँचथरका प्रमुख युगमणि सवेहाङले बताए। सवेहाङकाअनुसार सबैभन्दा धेरै क्षति तुम्बेवा गाउँपालिकाका विद्यालयहरुमा पुगेको छ।

शिक्षा विकास तथा समन्वय इकाइको तथ्यांकअनुसार कुम्मायकको सिंहबाहिनी आवि, फिदिम ९ को लुम्फावुङ आवि, फिदिम ७ को कालिका आवि, फालेलुङ ३ को सिंहकाली आवि, तुम्वेवा ४ को सुनगाभा आवि, तुम्वेवा १ को सिंहवाहिनी आवि, कुम्मायक १ को खाल्डे आविमा क्षति पुगेको छ। फाल्गुनन्द ४ को पैयाबोटे आवि, फिदिम १२ को युवराज आवि, फिदिम ६ को काफलबोटे आवि, फालेलुङ २ को मोतीराम मावि, फालेलुङ ५को सिंहबाहिनी आवि, फालेलुङ ६ को दीपज्योति आविमा पनि क्षति पुगेको छ। फालेलुङ ४ को बाह्रबिसे आवि, फालेलुङ ४ कै मेमेङ मावि, तुम्वेवा ३ को इन्द्रायणी मावि, तुम्वेवा २ को त्रिवेणी आवि, तुम्वेवा ४ को धुवाखोला आवि, तुम्वेवा १ को सरस्वती मावि, तुम्वेवा ३ को पञ्चमी आवि र तुम्वेवा ४ को अग्निका सिं आविमा बाढी पहिरोले क्षति पुर्‍याएको छ।

### १७ जना ...

परी मृत्यु भएको छ। मकवानपुरको इन्द्रसरोवर पहिरोमा पुरिएर ६ जनाको मृत्यु भएको छ।

बनेपाको आशापुरेश्वर आधार भूत विद्यालयमा अध्ययनरत एक छात्राको घरमा सुतिरहेको समयमा पहिरोमा पुरिएर मृत्यु भएको मन्त्रालयले जारी गरेको विवरणमा उल्लेख छ।

काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिकास्थित कुशेश्वर माविमा अध्ययनरत एक जना र सर्वोद्वार माविका दुई जना विद्यार्थीको पहिरोमा पुरिएर परिवारसहित मृत्यु भएको छ।

काभ्रेपलाञ्चोककै पनौती नगरपालिकास्थित श्रीराम माविमा कक्षा १२ मा अध्ययनरत एक विद्यार्थीको समेत पहिरोमा परी मृत्यु भएको मन्त्रालयले जनाएको छ।

ललितपुरको कोन्ज्योसोम गाउँपालिकास्थित गोठभन्ज्याङ माविमा अध्ययनरत दुई जना विद्यार्थीको मृत्यु भएको छ। भक्तपुरको सूर्यविनायक नगरपालिकास्थित जोरपाटी माविका एक विद्यार्थीको पहिरोमा परेर मृत्यु भएको छ।

दोलखाको भीमेश्वर नगरपालिकास्थित अल्पाइन स्कुलमा अध्ययनरत एक विद्यार्थीको घर भत्किँदा मृत्यु भएको विवरणमा उल्लेख छ।

### घरेलु...

उर्मिला सुनारले थापालाई कुवेत पठाएकी थिइन्। हाल काठमाडौंमा रहेकी सुनारलाई श्रीमतीको बारेमा सबै कुरा जानकारी गराउँदा पनि बेवास्ता गरेको र सम्पर्कमा नआएपछि सामी परियोजनामा उजुरी दिन आएको उनका श्रीमान थापाले बताएका छन्। सुनारले २०८१ असोज ६ गते थापालाई कुवेत पठाएकी थिइन।

सुरक्षित आप्रवासन सामी कार्यक्रमकी सूचना तथा परामर्शकर्ता अनिता सुवेदीले थापालाई गैरकानूनीरूपमा कुवेत पठाइएको बताएकी छन्। दलालहरूको लहलैमा लागेर वैदेशिक रोजगारीमा जाने व्यक्तिहरु ठगिएको, सोचेअनुसारको काम नपाएको समस्या लिएर आउने गरेको बताइन्। पछिल्लो समय दलालहरूले राम्रो कम्पनीमा काम लगाइदिन्छु भनेर सप्लाइ कम्पनीमा लगेर बिचल्ली पारेका गुनासोहरू र उजुरीहरु आउने गरेको उनले बताइन्।

### वैदेशिक...

दिने गरिएको क्षतिपूर्ति रकम ७ लाखबाट १० लाख रुपैयाँ पुर्‍याइएको उल्लेख गरे।

मन्त्रिपरिषद्ले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्तावमा दशैं अघि उक्त निर्णय गरेको थियो। त्यसैगरी बिरामी उपचार खर्च पाएर मृत्यु भएकाहरूले क्षतिपूर्ति नपाउने यसअघिको व्यवस्थाको सट्टा उनीहरूको परिवारलाई पनि १० लाख उपलब्ध गराउने व्यवस्था गरिएको छ। विदेशमा रोजगारी अनुमतिपत्र नभएकाहरू र यस वर्षको सेप्टेम्बरभित्र विदेशमा रहेकाहरूले नेपाली नियोगमा आवदेन दिएमा उनीहरूलाई 'वर्क परमिट' उपलब्ध गराउने व्यवस्था गरिएको छ। प्रधानमन्त्रीले त्यसलाई पनि सय दिनको उपलब्धिमा समेटेका छन्।

यसअघि श्रममन्त्री शरतसिंह भण्डारीले पनि आफ्नो प्रगति विवरणमा १० लाख क्षतिपूर्तिलाई उपलब्धिका रूपमा सार्वजनिक गरेका थिए। यसका अतिरिक्त सेवा प्रवाहमा सहजीकरण, सामाजिक सुरक्षा र वैदेशिक रोजगार व्यवस्थापनमा प्रगति भएको मन्त्री भण्डारीले बताएका छन्। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा र क्षेत्रीय विमानस्थल, पोखरा सञ्चालनमा सहजीकरणका लागि सोही स्थानबाट श्रम स्वीकृतिलगायतका कार्य शुरु गर्ने तयारीलाई पनि मन्त्री भण्डारीले उपलब्धिमा समेटेका छन्।

मन्त्री भण्डारीले १६औं योजनाका लक्ष्य प्राप्तिका लागि मन्त्रालयले लिनुपर्ने नीति र रणनीतिका सम्बन्धमा प्रदेश र स्थानीय तहसँग छलफल गर्ने तयारी भइरहेको बताएका छन्। मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई बिना धितो ऋण उपलब्ध गराउनेसम्बन्धी कार्यविधिको अन्तिम मस्यौदा तयार भइ स्वीकृतिको चरणमा रहेको बताएका छन्। तर वैदेशिक रोजगार व्यवसायी लामो समयदेखि उठाउँदै आएका सेवा शुल्क परिमार्जन र युरोपेली मुलुकहरूबाट मागपत्र प्रमाणीकरणमा गरिएको ढिलाइप्रति भने प्रधानमन्त्री ओली र मन्त्री भण्डारीको प्रगति विवरणमा केही उल्लेख गरिएको छैन।

### संसदीय...

अगाडि बढ्ने तयारी छ। तर, कांग्रेस र एमालेको यस्तो प्रस्तावमा माओवादी, रास्वपा लगायतका विपक्षी दलहरु दलहरू सहमत छैनन्।

'समिति गठन भएपछि बहुमतका आधारमा नेतृत्व चयन गर्ने सोचका साथ एमालेले विकल्प दिइरहेको छ, जुन उचित होइन', माओवादी केन्द्रका एक नेता भन्छन्, 'कांग्रेस एमालेले एक ढंगले ठूला देशको नेतृत्वमा भागवण्डा गरेर अनेकन प्रस्ताव ल्याइरहेका छन्।'

नेताहरूका अनुसार कांग्रेसले अमेरिका र चीनको मैत्री समूहको नेतृत्वमा दाबी गरेको छ। भारतको नेतृत्वमा एमालेको दाबी छ। तर माओवादी केन्द्र चीन, भारत र अमेरिकामध्ये एउटाको नेतृत्व पाउनुपर्ने बताएको छ। रास्वपाले पनि यही तीन देशमध्ये एउटाको नेतृत्व आफ्नो हुनुपर्ने अडान लिएको छ। ठूला तीन देशको नेतृत्वको रस्साकस्सीले बाँकी देशका लागि समेत संसदीय मैत्री समूह बन्न सकिरहेको छैन।

माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे कांग्रेस, एमाले र सभामुखको कारण मैत्री समूह गठनमा ढिलाइ भएको आरोप लगाउँछन्।

'हामीले सांसदहरूको नाम दिइसकेका छौं। संयोजक तोक्ने काम सभामुखको हो,' उनले अगाडि भने, 'सहमति गरेर संयोजक तोकौं भन्ने छ, तर कांग्रेस र एमाले सहमतिमा आएका छैनन्।'

### युनिभर्सल...

जाने कामदारले युनिभर्सल टुर्स एण्ड ट्राभल्स प्रा.लि.सँगबाट टिकट लिनुपर्ने सम्झौता गरेको छ। उक्त सम्झौताका कारण कामदारले अन्य ट्राभल्सबाट टिकट लिन पाउँदैनन्।

अधिवक्ताहरु यज्ञमणि न्यौपाने, दिपक अधिकारी, खगेन्द्र चापागाईं, छिरिङ शेर्पा र ओमनाथ ठाकुरले रिट दर्ता गरेका हुन्। उनीहरूले रीटमा खुला बजारबाट टिकट खरिद गरी कोरिया जान रोक लगाउने कामले एकाधिकार सिर्जना गरेको भन्दै सम्झौता बदर गर्न माग गरेका छन्। रिट निवेदक न्यौपानेले उक्त रिटमा बिहीबार पेशी तोकिएको बताए।

## Duhun Rural Municipality
## Office of Rural Municipal Executive
**Hikila, Darchula**

## Notice For Invitation of Online Bids

**(First Date of Publication:- 24 Oct. 2024 (2081-07-08)**

1. Duhun Rural Municipality Hikila, Darchula invites electronic bids from Nepalese eligible bidders for the construction of following contract under National Competitive Bidding procedures.

| S.N. | IFB No. | Description of Works | Bid Validity Period in Days | Estimated Cost (Incl. VAT & PS) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | DRM/NCB/ WORKS/01/2081/082 | Construction of Ward No. 01 Pipalchauri Ward Office Building. Duhun Rural Municipality- 1 | 90 | 1,39,59,923.01 /- | 3,65,000.00/- | 3,000.00/- |
| 2. | DRM/NCB/ WORKS/02/2081/082 | Construction of Ward No. 03 Brahmdev Ward Office Building. Duhun Rural Municipality- 3 | 90 | 1,31,97,632.86/- | 3,45,000.00/- | 3,000.00/- |

| | |
|---|---|
| Deadline for Purchase of Bid Document:- | Please visit www.bolpatra.gov.np/egp. |
| Deadline for Bid Submission:- | 24 Nov. 2024 (2081-08-09) up to 12:00 noon in office time |
| Date, Time & Place of Bid Opening:- | 24 Nov. 2024 (2081-08-09) at 13:00 in office time. |
| Date, Time & Place of Pre- Bid Meeting:- | 12 Nov. 2024 (2081-07-27) at 13:00 in office time. |
| Account Number for Bid Document Purchase:- | Name of Bank:- **Nepal Investment Megha Bank, Hikila Branch.** Name of Office:- **Duhun Rural Municipality Hikila, Darchula.** Office Account Name:- **Aantarik Rajshow Khata** Account Number:- **07801400250047** |
| Account Number for Bid Security Deposit:- | Name of Bank:- **Nepal Investment Megha Bank, Hikila Branch.** Name of Office:- **Duhun Rural Municipality Hikila, Darchula.** Office Account Name:- **Dharauti khata** Account Number :- **07801400250030** |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Duhun Rural Municipality Hikila, Darchula. Email:- duhunrm@gmail.com, Mobile Number: 9842231900/9843059706 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. All the other remaining condition and process will be applicable as stated in PPA 2063, and regulation 2064 and other related law.
4. If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# गाउँमै डेरी उद्योग सञ्चालन, कृषक हर्षित

**ललित बोहरा/मध्यान्ह**
बैतडी, ७ कात्तिक

बैतडीमा स्थानीय उत्पादन दुधको बजारीकरण लागि डेरी उद्योग सञ्चालनमा ल्याइएको छ । जिल्लाको सुर्नया गाउँपालिका- ८ ढोलेमा श्री लालिगुँरास साना किसान कृषि सहकारी संस्थाले डेरी उद्योग स्थापना गरेको हो ।

ढोले र किमगैरका स्थानीय किसानले उत्पादन गरेको दुध संकलन गरेर डेरीका परिकार बनाउने उद्देश्यले डेरीको स्थापना गरेको लालिगुँरास साना किसान कृषि सहकारी संस्थाका सचिव पार्वती विकले बताइन् ।

वमन्स बैंक र एफसिएको आर्थिक सहयोग तथा साझेदार संस्था सामाजिक चेतना तथा विकास संघ (साडा) नेपाल र सुर्नया गाउँपालिका नम्बर ८ को आर्थिक सहयोगमा डेरी सञ्चालनमा आएको हो ।

करिब ७ लाख ५० हजारको लगानीमा डेरी सञ्चालनमा भएको साडा नेपाल कृषि प्राविधि दिपेश सिंह धामीले बताए । उनले भने, 'तीन पक्षले लगानी गरेर कृषकको उत्पादनले मूल्य पाउने गरेर डेरी सञ्चालनमा ल्याएका छौं, डेरी सञ्चालन गर्न सक्ने सम्भावित कृषकलाई ६ दिने डेरीका परिकार बनाउने तालिम दिइएको छ ।'




डेरी सञ्चालन भएपछि किसानले उत्पादन गरेको दुधको बजारीकरणका लागि सहज भएको कृषक मानमती बोहराले बताइन् । उनले भनिन्, 'आफुले घिउ समेत बिक्री गर्ने समस्या थियो, अब दुध बिक्री गर्ने पाउने भए खुसी लागेको छ, निरन्तर सञ्चालन हुनुपर्छ ।'

यस्तै सुर्नया गाउँपालिका- ८ ढोलेमै डेरी सम्बन्धी परिकार बनाउने तालिम शुरु गरेको छ । वमन्स बैंक र एफसिएको आर्थिक सहयोग तथा साझेदार संस्था सामाजिक चेतना तथा विकास संघ (साडा) नेपाल आयोजना र वडा नम्बर ८ को कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बैतडीको समन्वय तथा सहयोगमा तालिम शुरु गरेको आयोजक साडा नेपालका कार्यक्रम संयोजक भुपाल बोहराले बताए । सहकारीमार्फत कृषि गर्ने महिला कृषकलाई समेत साडा नेपालले आर्थिक सहयोग गरेको कार्यक्रम संयोजक बोहराले बताए । उनले भने, 'हामीले सुर्नया र सिगासमा सहकारीमार्फत समेत महिला कृषकलाई बिउ पुंजीकै रुपमा आर्थिक सहयोग गर्ने गरेको छौं । जसबाट महिला कृषकको आर्थिक उन्नती गर्ने लक्ष्य छ ।'

गाउँपालिका अध्यक्ष अमर बहादुर कुवँरले कृषकको आर्थिक अवस्था सुधार गर्ने गाउँपालिका सहयोग गर्ने प्रतिबद्ध रहेको बताए । उनले स्थानीय उत्पादनलाई बढ्वा दिने गाउँपालिकाले समेत सहयोग गर्ने बताए । परम्परागत कोदो, फापर, कागुनो लगायतका बालीको बजार मुल्य उच्च भएकाले खेती सुरु गर्नु पर्ने अध्यक्ष कुवँरको जोड थियो ।

सुर्नया गाउँपालिका वडा नम्बर ८ का वडाध्यक्ष भान बहादुर बोहराको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष अमर बहादुर कुवँर, विशिष्ट अतिथिमा मन्जु बोहरा महरा, अतिथि एफसिएका कार्यक्रम अधिकृत पुजा लामिछाने, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत लोकराज जोशी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय बैतडीका प्रमुख तथा प्रशिक्षक ललित कठायत लगायतका सहभागी रहेका थिए ।

# कर्णाली घोषणापत्रलाई आगामी कोप-२९ मा महत्वका साथ उठाइनेछ : वनमन्त्री

काठमाडौं/मस-वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले आगामी कोप २९ सम्मेलनमा जलवायु न्याय सम्बन्धी कर्णाली घोषणापत्रलाई महत्चपूर्ण रुपमा उठाउने बताएका छन् ।




जलवायु परिवर्तनबाट पीडित नेपाललाई न्यायका लागि अन्तर्राष्ट्रिय सम्मेलन कोप २९ मा नेपालको सहभागीता महत्वपूर्ण हुने शाहीको धारणा थियो । बुधबार चन्द्रागिरीमा जलवायु परिर्वतन व्यवस्थापन महाशाखाद्वारा आयोजित कोप सम्मेलनमा सहभागीलाई कसरी प्रस्तुत गराउने भन्ने विषयको तालिममा मन्त्री शाहीले जलवायु परिर्वतनको सम्मेलन एक महत्वपूर्ण मञ्च हुने भन्दै नेपालले पर्याप्त तयारीका साथ प्रस्तुत हुने बताए ।

मन्त्री शाहीका अनुसार यस पटकको कोप सम्मेलनमा विशेष छलफल हुने जलवायु वित्तको विषयमा हाम्रा लागि विशेष महत्व रहनेछ । वित्तीय सहयोग बिना विकसिल देशहरुलाई जलवायु संकटसँग लड्न सहज हुने छैन ।

कोप-२९ लाई नै लक्षित गरी कात्तिक ३ र ४ गते मन्त्रालय र साथसाथै नामक संस्थाको संयुक्त आयोजनामा मुगुको रारामा कोपको पूर्व तयारी जलवायु परिर्वतन कार्यशाला भएको थियो । विभिन्न जलवायु विद्, कर्णालीका सबै जिल्लाका जनप्रतिनिधिसहित भएको कार्यशालाले ५ बुँदे कर्णाली घोषणापत्र समेत जारी गरेको थियो । मन्त्री शाहीले त्यसका निष्कर्ष र सुझाव आगामी विश्व जलवायु सम्मेनल कोप २९का लागि महत्वपूर्ण हुने उल्लेख गरे ।

'हामीले तापक्रम वृद्धिलाई १.५ डिग्रीमा सिमित गर्ने प्रयासमा पनि ध्यान दिनुपर्छ,' मन्त्रीले शाहीले भने, 'लक्ष्यलाई हासिल गर्न विश्वले स्वच्छ तथा दिगो उर्जा श्रोत अवलम्बन र कार्वन उत्सर्जनमा कमी ल्याउने कार्यलाई प्राथमिकता दिनुआवश्यक छ ।' कोष २९ मा नेपालका लागि धेरै विषयहरुमा छलफल र निर्णय हुनेछन् । जलवायु संकटसँग जुद्न सशक्त आवाज उठाइने मन्त्रीको भनाइ छ । कर्णालीको कार्यक्रममा सहभागी जनप्रतिनिधि स्थानीयले जलवायु परिर्वतनको असरले अन्नबाली उब्जनी ह्रास पानीका मुहान सुक्दै गएको हिउँ कम पर्न थालेको जस्ता विषय उठान गरेको मन्त्री शाहीले जानकारी गराए ।

# 'मिटर ब्याज पीडितको समस्या सामाधानका लागि अगाडि बढिसक्यौं'




**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट,७ कात्तिक

अनुचित लेनदेन मिटर ब्याज पीडित संघर्ष समितिका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाले अनुचित लेनदेन मिटर ब्याज पीडितको समस्या सामाधानका लागि पीडितहरु आफैंले बिगुल फकी सकेको दावी गरेका छन् ।

अनुचित लेनदेन मिटर ब्याज पीडित संघर्ष समितिद्वारा वित्तीय शोषणविरुद्व रौतहटको गरुडामा आयोजित बृहत् आम सभामा बोल्दै अध्यक्ष महतोले आम जनता वित्तीय शोषणविरूद्ध उठ्नुपर्ने बताए ।

उनले भने, 'देशमा हरेक क्षेत्रमा लुटतन्त्र छ। यो नालायक सरकारले जनताको समस्या बुझिरहेको छैन् । सहकारी छानबिन समिति बन्यो, तर कुनै पक्राउ परेनन् । जनताको समस्या अल्झाउने दाउमा छ। हामी लुटेराको विरोधी हो । कुनै व्यक्ति पार्टीको होइन्। शोषण वादीकोविरूद्ध हामि लागेका छौं '

सो कार्यक्रममा केन्द्रीय महासचिव मनोज कुमार पासवान,केन्द्रीय प्रवक्ता नीरर नवीन, नवीन थापा, सियाराम महत्तोसहितका वक्ताले राज्यले वित्तीय शोषण माफियाको पक्षमा रहेको आरोप लगाएका छन्। मिटर ब्याज पीडितको समस्या समाधान भएन भने सरकारको विरुद्धमा देशभरी बाट आन्दोलन गर्ने उद्घोष गरे । जिल्ला अध्यक्ष शिवशंकर कुशवाहाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । यसअघि अनुचित लेनदेन तथा मिटर ब्याजी पीडितहरुले आफ्नो समस्या समाधान गर भन्दै नाराबाजी गर्दै गरुडा बजार परिक्रमा गरेका थिए ।

# उपचारका लागि सहयोगको याचना

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ७ कात्तिक

नसा च्यापियर थला परेका पातारासी गाउँपालिका-४ का ३० वर्षीय मनसिंह नेपालीको आर्थिक अभावका कारण उपचार हुन सकेको छैन । उनी २०८० गत्त भदौदेखि थला परेका छन् । मनसिंहले भने, 'शुरुमा प्रतिष्ठानमा जाँच गराएको थिए । त्यसपछि नेपालञ्जमा न्यूरो अस्पतालमा उपचारको लागि गए । त्यहाँ डाक्टरले शुरुमार्फत उपचार गर्नुपर्ने सल्लाह दिए ।'

डाक्टरका अनुसार १ वटा सुइको एक लाख मूल्य पर्ने बताएको थिए । उनले भने,'सुरुमा ५ वटा सुइ लगाउनुपर्छ, त्यसपछि पनि सुधार भएपनि थप्नुपर्ने बताएका थिए ।' उनले थपे,'खुट्टाको घुँडादेखि तल हातको कुमदेखि तल चल्दैन । एक लाख खर्च गरेर औषधि गरेर नेपालगञ्जबाट घर आए । आर्थिक अभावका कारण थला परेको छु ।'

त्यस्तै बिरामीकी श्रीमती सुशिला नेपालीले उपचार खर्च जुटाउन नसकेपछि घरमै ल्याएर राखेको बताइन् । उनले भनिन्,' डाक्टरले उपचार लाखौं रुपैयाँ लाग्ने भन्नुभयो । त्यसपछि घरमै ल्याउनुपर्ने अवस्था आयो ।'



उनका अनुसार उपचारमा कम्तीमा दश लाख भन्दामाथि लाग्ने बताइन् । उनले भनिन्,'हाम्रो परिवारमा यत्रो रकम जुटाउन नसक्ने भएपछि आफूहरू तनावमा परेको छौं । साथमा दुइ वर्षकी छोरी छन् । बच्चासँग काहीँ काम गरौं भने यहाँ केही काम पाइँदैन ।' उनले आफ्नो श्रीमानको ज्यान बचाउनका लागि सहयोग गरिदिन सबै सहयोगी संस्था तथा सहयोगी मनहरुलाई अनुरोध गरिन् ।

नसा च्यापिएको उपचार भएमा बाँचेर केही गर्ने इच्छा रहेको नेपालीले बताए । उनले भने, ' उपचार गर्न पैसा छैन । सहयोगको लागि आग्रह गर्दछु । उपचार खर्च सहयोग गर्नुस् म बाँच्न चाहन्छु ।' उनले सहयोगका लागि उनले आफ्नो मोबाइल नम्बर ९७ ४९९६८६२९ मा सम्पर्क गर्न आग्रह गरे। त्यस्तै पारासी गाउँपालिकाका उपाध्यक्ष जुनमाया रोकायाले मनसिंहको उपचारको लागि कार्यपालिकासँग कुरा राख्ने बताइन् । उनले भनिन्,'आफ्नो नागरिकको ज्यान जोगाउनु हाम्रो कतर्व्य पनि हो । उपचारको लागि पहल गर्नेछौं ।'

# पशुपति परिसरमा 'गौशाला धर्मशाला बचाऔं' भन्दै हस्ताक्षर अभियान

**काठमाडौं/मस**-पशुपतिनाथ बचाउ महाअभियानको आयोजनामा गौशाला धर्मशाला बचाऔं भन्दै हस्ताक्षर अभियान शुरु भएको छ । गौशाला धर्मशालालाई अनधिकृतरुपमा कब्जा गरिएको भन्दै त्यसका विरुद्ध हस्ताक्षर अभियान शुरु भएको हो ।

पशुपति क्षेत्र विकास कोषको कार्यालय मूलगेट अगाडि कोषको स्वामित्वमा रहेको गौशाला धर्मशालामा अनधिकृत कब्जाविरुद्ध मंगलबारबाट हस्ताक्षर अभियान शुरु गरिएको हो ।



अभियानको पहिलो दिन ५ हजार बढीले हस्ताक्षर गरेको बताइएको छ । आगामी शनिबारसम्म सञ्चालन गरिने उक्त हस्ताक्षर अभियानअन्तर्गत संकलित हस्ताक्षर राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउने विश्व हिन्दु युवा संघ अन्तरर्ाष्ट्रिय समितिका अध्यक्ष सागर थापाले बताए ।

# स्वास्थ्य शिविरबाट १५ सय बढी लाभान्वित



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ७ कात्तिक

कालीकोट जिल्लाको रास्कोट नगरपालिकामा सञ्चालन गरिएको तीनदिने बृहत् स्वास्थ्य शिविरबाट १५ सय ५९ जना सेवाग्राहीले सेवा लिएका छन् । कात्तिक ५ गतेदेखि ७ गतेसम्म सञ्चालन गरिएको बृहत् स्वास्थ्य शिविरमा १५ सय ५९ जना सेवाग्राहीले गाइनो तथा हाडजोर्नी सेवा लिएको अस्पतालले जनाएको छ ।

डाक्टर फर नेपाल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको सम्झौता र रास्कोट नगरपालिकाको पत्यक्ष संलग्नतामा प्रसूति रोग तथा हाडजोर्नीसम्बन्धी शिविर सञ्चालन गरिएको हो ।

कर्णाली प्रदेश अस्पतालका प्रसूति तथा स्त्रीरोग विषेशज्ञ डाक्टर ललितजंग शाहीले स्त्रीरोग, हाडजोर्नीसँगै परिवार नियोजन सेवासमेत दिइएको बताए । डाक्टर फर नेपालले विगत २० वर्षदेखि दुर्गमका नागरिकलाई डाक्टर पठाउँदै आएको छ भने विभिन्न सेवा समेत विस्तार गदै आएको छ । शिविरमा डाक्टर शाहीसहित विदेशी तथा स्वदेशी अनुभवी चिकित्सकहरुले सेवा प्रदान गरेका थिए ।

**Vacancy Announcement**

A leading foreign recruitment agency is seeking the following position urgently.

**Public Relation Officer (PRO) - 2 (Male/Female)**
Preferable with 2/3 years job experience in related field of manpower.

SALARY - NEGOTIABLE

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**इलेक्ट्रो पावर कम्पनी लिमिटेड**
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-०१, नक्साल, काठमाडौं
फोन: ०१-४४४४९४७ ईमेल : electropower040@gmail.com

**तेस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित २०८१/०७/०८**

**श्री शेयरधनी महानुभावज्यूहरू,**
यस इलेक्ट्रो पावर कम्पनी लिमिटेडको मिति २०८१/०७/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको तेस्रो वार्षिक साधारणसभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारणसभा हुने मिति, समय र स्थान :**
मिति : २०८१ साल कात्तिक २९ गते बिहीबार (तद्नुसार सन् २०२४ नोभेम्बर १४)
समय : बिहानको ठिक ११:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-०१, नक्साल, काठमाडौं ।

**छलफलका विषयहरू:**
**(क) साधारण प्रस्ताव:**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ का लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. सञ्चालकहरूको पारिश्रमिक तथा बैठक भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र सञ्चालकको नियुक्ति सम्बन्धमा ।

**(ख) विशेष प्रस्ताव ।**
१. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना परिवर्तन गर्न प्रवन्धपत्रको दफा २ र नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको अधिकृत र जारी पूँजी बृद्धि गर्न प्रवन्ध पत्रको दफा ६ को उपदफा (क) र (ख) मा संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनी नियमावलीको नियम ३० को उपनियम (१) (ग) संशोधन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारणसभा सम्बन्धि अन्य जानकारीहरू:**
१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरूले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२. मिति २०८१/०७/२१ गते देखि साधारणसभा नभए सम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि प्रशासकीय प्रमुख मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरूले प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेशपत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारणसभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, नक्साल, काठमाडौंमा फोन नं. ०१-४४४४९४७ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**प्रशासकीय प्रमुख**

**Sunapati Rural Municipality**
**Office of the Municipal Executive**
**Hiledevi, Ramechhap**

**Invitation for Bids**

**Invitation for Bids No: SUN/W/NCB/01/2081/082**
**Date of publication: 24th Oct 2024 (8th Kartik 2081)**

1. **Sunapati Rural Muncipality** invites electronic bids from eligible bidders for the construction of **Upgrading of Rural Municipal Road Works From Pur-nasingh ko ghardada dhekhi Sunapati Samma Sadak, Sadhidada dogma hudai Galpa Sadak, Sanja Khola Bal Mabi Bhosa Palika Janae Sadak of Sunapati Rural Munici-palty of Ward no 2, 3 and 5.** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the Consecutive 3 years: **Nrs. 4,05,00,000.00/-**
   - Minimum Work experience of similar size and nature: **Nrs. 4,20,00,000.00/- (Without Vat)**
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sunapati Rural Municipality, Hiledevi, Ramechhap, Ito.sunapatimun@gmail.com** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the office **Sunapati Rural Municipality, Hiledevi, Ramechhap** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **Nrs. 5000.00** till **22nd Nov 2024 (7th Mangsir 2081) during office hours**.
   **Or**
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Citizen Bank International Limited, Sunapati Branch
   Name of Office : Sunapati Rural Municipality, Hiledevi, Ramechhap
   Office Account no.: 0700100000002202 (Sunapati Antarik Rajaswa Khata)
   Rajaswa (revenue) Shirshak no: 31151
5. Pre-bid meeting shall be held at **Sunapati Rural Municipality, Hiledevi, Ramechhap** at **30th Kartik, 2081 at 13:00 pm Friday**.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before **12:00 pm Sunday on 9th Mangsir, 2081**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 pm Sunday on 9th Mangsir, 2081** at the office of **Sunapati Rural Municipality**. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **Nrs 15,25,000/-** which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

मध्यान्ह
www.madhyanhadaily.com
८ कात्तिक २०८१, बिहीबार
24 October 2024, Thursday

## सम्पादकीय

# राष्ट्रपतिको सीमा

बाढी पहिरो पीडितका समस्या लगायत मुलुकको समसामयिक विषयलाई विपक्षी दलहरूले राजनीतिक एजेण्डा बनाएका छन् । २ कात्तिकमा विपक्षी दलहरूको बैठक बसेर संयुक्त एजेण्डा तय गरेका थिए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अगुवाइमा संयुक्त बैठक बसेर तय भएको एजेण्डा सवैभन्दा पहिलो प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाएका छन् । ५ कात्तिकमा प्रधानमन्त्री ओलीलाई बुझाइएको १३ बुँदे ज्ञापनपत्र राष्ट्रपति रामचन्द्र पौडेललाई पनि बुझाइएको छ । ७ कात्तिकमा शितल निवास पुगेर विपक्षी दलका नेताहरूले ज्ञापनपत्र बुझाए । गत ३१ असारमा ओली प्रधानमन्त्री बनेपछि पहिलोपटक माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादी र आम जनता पार्टीले संयुक्त निर्णय र गतिविधि थालेका छन् । उनीहरूले प्रधानमन्त्री ओलीबाट बाढी पहिरो पीडितका समस्या हल हुन नसकेको मात्र नभएर सरकारले सही बाटो नहिडेको निष्कर्ष निकालेका छन् । विशेषगरी राजनीतिक दल सम्बन्धी ऐन संशोधन गर्नेगरी सरकारले ल्याउन लागेको अध्यादेशप्रति विपक्षी दलहरूको आपत्ति देखिन्छ ।


विपक्षी दल फुटाउने उद्देश्य राखेर अध्यादेश ल्याउन लागिएको भन्दै प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रको १३ नम्बर बुँदामा राष्ट्रिय एकताको औचित्य सम्झाइएको छ । प्राकृतिक प्रकोपका कारण उत्पन्न संकटका बेला राष्ट्रिय सहमतिको प्रस्ताव सत्ता पक्षबाट आउनुपर्ने हो । तर सरकारले प्रयोग गर्नुपर्ने भाषा विपक्षी दलहरूको विज्ञप्तिमा उल्लेख छ । र विपक्षी दलहरूले पनि आफ्नो स्वार्थका निम्ति यस्तो भाषा प्रयोग गरेको बुझ्न सकिन्छ । किनकि दल विभाजन सम्बन्धी अध्यादेशको संकेत थाहा पाएरै विपक्षीहरू एकताबद्ध भएको तथ्य लुकेको छैन । यदि बाढी पहिरोका पीडितहरूकै चिन्ता हुन्थ्यो भने दशैं अघि नै राष्ट्रिय एकताको अपिल गरिनु पर्थ्यो । तर विपक्षीहरू आफै अप्ठ्यारोमा परेपछि विशेष संसद् अधिवेशनको मागदेखि राष्ट्रिय सहमतिको औचित्य समेत भनिएको छ । अझ राष्ट्रपतिलाई कुनै अध्यादेश आए रोकिदिनु आग्रह गर्दै शितल निवास पुगिएको छ । यसले विपक्षीहरूको विश्वास सत्तारूढसँग नरहेकाले शितल निवास पुगेको सहज अनुमान लगाउन सकिन्छ ।

तर दलहरूबीच उत्पन्न हुन सक्ने अविश्वास र राजनीतिक निर्णयमा राष्ट्रपतिलाई सक्रिय हुन दिइएको निम्तो दीर्घकालमा महँगो पर्न सक्छ । किनकि हाम्रो संविधानले राष्ट्रपतिलाई संवैधानिक भूमिकामा राखेको छ । संविधान बमोजिम सरकारबाट हुने सिफारिस अनुमोदन गर्नु राष्ट्रपतिको दायित्व हो । सरकारको सिफारिस रोक्ने हो भने पनि राष्ट्रपतिले आफ्नै विवेक प्रयोग गर्नुपर्छ । तर विगतमा राजनीतिक संघर्षको एउटा खेमाले राष्ट्रपतिलाई उपयोग गर्ने गर्‍यो । त्यसको असर मुलुकले खेप्नु परेको छ । पहिलो राष्ट्रपति रामवरण यादव र त्यसपछिका राष्ट्रपति विद्यादेवी भण्डारी विवादित हुनुमा राजनीतिक निर्णयमा एउटा खेमालाई साथ दिनु कारण थियो । यादवलाई नेपाली कांग्रेस अनि भण्डारीलाई नेकपा एमालेलाई साथ दिएको आरोप लाग्यो । अहिले फेरि विपक्षी दलहरूले राष्ट्रपति पौडेललाई अध्यादेश आए रोकिदिन औपचारिक रूपमै अनुनय गरेका छन् । यसले राष्ट्रपतिलाई पनि सक्रिय राजनीतिक संघर्षमा सहभागी गराउने काम गर्छ, जुन मुलुक र संविधानका निम्ति घातक कदम हो । यसर्थ विपक्षी र सत्तारूढले राष्ट्रपतिसँग गर्ने अपेक्षा पनि संविधान सम्मत हुन जरूरी छ ।

# ऊर्जामा जैविक स्रोत

*हाम्रो देशमा जैविक स्रोतमा आधारित ऊर्जाको निरन्तररूपले विकास गर्दै गएमा यहाँ विद्यमान दाउराको अधिकतम प्रयोग न्यून हुन गई वन सम्पदाको पनि विकास हुनेछ । यति मात्र होइन, विदेशबाट आयात गर्नुपर्ने पेट्रोल तथा अन्य ऊर्जामाथिको परनिर्भरता न्यून हुँदै जानेछ ।*

अग्रलेख



● के.बी. बस्नेत

विश्वमा ऊर्जाको माग दिन प्रतिदिन बढिरहेको छ । वास्तवमा इन्धनका लागि विश्वका धेरैजसो देशहरू आत्मनिर्भर हुन सकेका छैनन् । एकपछि अर्को गरी आवश्यकताहरु बढिरहँदा विश्व नयाँ-नयाँ ऊर्जाको खोजीमा पनि छ । उदाहरणका लागि संयुक्त राज्य अमेरिका जस्तो विकसित मुलुकमा सम्पूर्ण इन्धन खपतको झन्डै २० प्रतिशतको लागि अन्य राष्ट्रहरूमा भर पर्नुपर्छ । यसैगरी, जापानमा चाहिने कुल इन्धनको ९० प्रतिशत अन्य देशहरूबाट भित्र्याइन्छ ।

विशेषगरी सन् १९७७ को अरब-इजरायल युद्धपछि विश्वका सबैजसो देशहरूमा इन्धनका समस्याले भीषण रूप लिन थाल्यो । बढ्दो इन्धनको समस्यालाई दृष्टिगत गरी केही दशकअघि केन्याको राजधानी नैरोबीमा ऊर्जासम्बन्धी सम्मेलन गरिएको थियो । संयुक्त राष्ट्रसंघको अनुरोधमा आयोजना गरिएको उक्त सम्मेलनमा अन्दाजी एक सय ५० मुलुकका प्रतिनिधिहरूले सौर्य, वायुलगायत १४ नवीन इन्धन स्रोतहरूको सम्बन्धमा व्यापक छलफल गरिएको थियो । तर, उक्त सम्मेलनबाट ठोस उपलब्धि हासिल गर्न सकिएन ।

केही वर्षअघि संयुक्त राज्य अमेरिकाको लसएन्जेलसमा सम्पन्न गरिएको सम्मेलनमा पनि विभिन्न राष्ट्रका प्रतिनिधिहरूबाट लघु ऊर्जाका स्रोतहरूको सम्बन्धमा विचार-विमर्श गरिएको थियो । परन्तु, उक्त सम्मेलनबाट विकासोन्मुख तथा अति कम विकसित देशहरूको इन्धन समस्या न्यूनीकरणमा खासै सुधार भएन ।

पछिल्लो दशकसम्म आउँदा विश्वको केही राष्ट्रहरू उपयुक्त इन्धनको विकासको लागि विशेष प्रयत्न गरिरहेका छन् । यस सन्दर्भमा बेलायत र फ्रान्स जस्ता विकसित देशहरूमा आणविक शक्तिबाट झन्डै ५०प्रतिशत इन्धन प्राप्त गर्ने योजना बनाइएको छ भने अन्य केही राष्ट्रहरूले कोइला तथा वृक्षबाट अधिकतम मात्रामा इन्धन प्रयोगमा ल्याउन दृढता व्यक्त गरेका छन् । यसै गर्दा छिमेकी राष्ट्र चीनले सूर्य तथा फोहोर मैलाबाट ऊर्जा उत्पादन गर्ने काममा केही प्रगति गरेको छ । नेपाल जस्तो अति कम विकसित मुलुकले नयाँ इन्धनका स्रोतहरू परिचालन गर्न सक्दैन । त्यसैले यहाँको बढ्दो इन्धन परिपूर्तिको लागि जैविक स्रोतले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

राष्ट्रिय ऊर्जा खपतको तथ्यांकलाई बहिङ्गम दृष्टि दिने हो भने नेपालको कुल ऊर्जा आपूर्तिमध्ये करिब ८५ प्रतिशत जैविक स्रोतबाट प्राप्त हुन्छ । यहाँ एकातिर वातावरण संरक्षणका लागि वनजंगल जोगाउनुपर्ने बाध्यता छ भने अर्कोतिर तीव्र रूपले बढ्दै गएको जनसंख्यालाई आवश्यक दैनिक ऊर्जाको माग परिपूर्तिका लागि दाउराको विकल्प खोज्दै जानुपर्ने अवस्था छ । वस्तुतः यहाँको बढ्दो ऊर्जाको मागलाई वैकल्पिक ऊर्जाको माध्यमबाट परिपूर्ति गर्न स्वदेशी संघसंस्था तथा डेनमार्क, जर्मनी र नेदरल्याण्ड जस्ता राष्ट्रहरूको सक्रिय सहयोगमा जैविक स्रोतमा आधारित गोबर ग्याँस उत्पादनलाई विशेषगरी ग्रामीण क्षेत्रमा व्यापक बनाई लैजाने नीतिअनुरूप काम नभएको होइन । योबाहेक सुधारिएको चुल्हो तथा सौर्य ऊर्जालाई पनि प्रोत्साहन दिँदै आएको छ । तर, यहाँको ऊर्जा आपूर्तिमा वैकल्पिक ऊर्जाको अंश धेरै कम भएकोले आयातित पेट्रोलको निर्भरतामा वृद्धि हुँदै जानु स्वाभाविक हो ।



ऊर्जाको माग परिपूर्ति गर्न पेट्रोलको आयातका लागि मात्र यहाँ प्रत्येक वर्ष अरबौं रुपैयाँ खर्च गर्नुपर्ने अवस्था छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलको मूल्यवृद्धिका कारण सो खर्च अझै बढ्दै जाने अनुमान छ । पेट्रोलको लागि अरूमा भर पर्नुपर्ने कारणले यहाँको अर्थतन्त्रमा नकारात्मक असर परेको छ । आज नेपालको प्रत्येक व्यक्तिका लागि आवश्यक खानपान, यातायात एवम् उद्योगधन्दाका लागि ऊर्जाको खपत निरन्तररूपले बढ्दैछ । यहाँ जलस्रोत प्रचुर मात्रामा भए तापनि विद्युतीय ऊर्जाको प्रयोगलाई व्यापक बनाउने कार्यमा सफलता प्राप्त हुन सकेको छैन । यसैले ऊर्जाको बढ्दो मागलाई परिपूर्ति गर्न अन्य राष्ट्रहरूको भर पर्नु स्वाभाविक हो ।

जैविक ऊर्जामा निर्भर रहेका मुलुकहरूको सूचीमा पर्ने नेपालले आफ्नो जैविक विविधताको पूर्णरूपले उपभोग गरी जैविक स्रोतमा आधारित ऊर्जाको ठोस विकास गर्न सकेमा ऊर्जाको खरिदका लागि विदेशिने ठूलो धनराशिको बचत हुने मात्र होइन, यहाँका स्थानीय स्रोतमा आधारित ऊर्जा दिगो एवम् सस्तो हुनसक्छ । वास्तवमा यहाँको ऊर्जाको आपूर्तिलाई सरल तथा सुलभ बनाउन जैविक स्रोतमा आधारित ऊर्जाको ठोस विकासलाई प्रथम प्राथमिकता दिई कार्यान्वयन गर्नुबाहेक अन्य कुनै राम्रो विकल्प देखिँदैन । तर, जैविक स्रोतमा आधारित ऊर्जाको ठोस विकासलाई प्रथम प्राथमिकता दिई कार्यान्वयन गर्ने बहानामा विदेशी ऋणलाई नै सधैं प्रमुख आधार बनाएर ग्रामीण क्षेत्रमा आकर्षण गर्ने हो भने यो कार्य प्रभावशाली तथा दिगो हुन सक्दैन ।

निःसन्देह पनि वैदेशिक सहयोग उपयोग गरेर क्षणिक फाइदाको लागि गोबर ग्याँस तथा सौर्य ऊर्जाको उत्पादन गर्न सकिन्छ । यस्ता कार्य देशका विभिन्न क्षेत्रमा भएका पनि छन् । परन्तु दीर्घकालीनरूपमा यस्ता कार्यको व्यापकता अभिवृद्धि गर्न यहाँका हरेक क्षेत्रका जनता आफै सचेत भई स्थानीय स्तरमा उपलब्ध स्रोत तथा साधनको अधिकतम परिचालनमा कटिबद्ध हुनु परेको छ । आयातित ऊर्जालाई प्रतिस्थापन गर्दै स्वदेशमै जैविक स्रोतमा आधारित ऊर्जाको निरन्तररूपले विकास गर्न साना जलविद्युत् परियोजनाहरू, सौर्य ऊर्जा, सुधारिएको चुल्हो, गोबर ग्याँस र कृषिमा आधारित ऊर्जाको आधुनिकीकरणमा विशेष जोड

*जैविक ऊर्जामा निर्भर रहेका मुलुकहरूको सूचीमा पर्ने नेपालले आफ्नो जैविक विविधताको पूर्णरूपले उपभोग गरी जैविक स्रोतमा आधारित ऊर्जाको ठोस विकास गर्न सकेमा ऊर्जाको खरिदका लागि विदेशिने ठूलो धनराशिको बचत हुने मात्र होइन, यहाँका स्थानीय स्रोतमा आधारित ऊर्जा दिगो एवम् सस्तो हुनसक्छ ।*

दिन आवश्यक छ । यस्ता ऊर्जाको विकास गर्दा स्थानीय समुदाय र प्रविधिलाई प्रोत्साहन दिन सकेमा बढी फलदायी हुन सक्छ । यसो गर्न सकिएमा हाम्रो देशले थप ऋणको भार बोक्नु पर्दैन । बरु यो मुलुक आत्मनिर्भरताको पथमा क्रमिकरूपले अगाडि बढ्दै जानेछ ।

हाम्रो देशमा जैविक स्रोतमा आधारित ऊर्जाको निरन्तररूपले विकास गर्दै गएमा यहाँ विद्यमान दाउराको अधिकतम प्रयोग न्यून हुन गई वन सम्पदाको पनि विकास हुनेछ । यति मात्र होइन, विदेशबाट आयात गर्नुपर्ने पेट्रोल तथा अन्य ऊर्जामाथिको परनिर्भरता न्यून हुँदै जानेछ । वस्तुतः हाम्रा गाउँघर जैविक स्रोतका भण्डार हुन् । अतः यहाँ भएका जैविक वस्तुहरूबाट ब्रिकेट तथा अन्य ऊर्जाहरूको विकास गर्न सकिएमा यहाँ ऊर्जाको परिपूर्तिमा निकै योगदान पुग्नेछ । योबाहेक यहाँ भएका सल्लाका रुखहरूको सम्बर्द्धन तथा प्रवर्द्धन गर्न सकिएमा तिनीहरूबाट निस्कने खोटोबाट तेल र रोजिन उत्पादन गरी आयातित मट्टितेलको प्रयोगलाई निरुत्साह गर्दै जान सकिन्छ । तर, यसको लागि सरकारले यथोचित नीति नियम बनाई कार्यान्वयन गर्न गराउन सक्नुपर्छ । जैविक स्रोतमा आधारित ऊर्जाको उत्पादनलाई निरन्तरता दिनका लागि उपयुक्त प्रविधि, आवश्यक जैविक स्रोतहरूको उपलब्धता, तिनीहरूको लागत धान्ने क्षमता र उपकरणहरू बिग्रिएको अवस्थामा मर्मत एवम् सम्भार गर्न सक्ने जनशक्तिको उपलब्धता हुन नितान्तः आवश्यक छ ।

## सामाजिक सञ्जाल



**- गोकुल बाँस्कोटा**

भारत र चीन विश्वासपूर्ण मित्रताको हात मिलाउने बिन्दुमा पुगेछन् । यसले विश्व राजनीति, कुटनीति र अर्थ व्यवस्थामा ठुलो प्रभाव पर्ने निश्चित छ । अझ ब्रिक्सले नयाँ विश्व मुद्रा नै ल्यायो भने झन् कस्तो प्रभाव पर्ला ? नेपाल नयाँ चुनौती र सम्भावना बारेका परम्परागत सोचबाट बाहिर निस्कन पर्ने समय आएन र ?



**- तारानाथ दाहाल**

अब वडाध्यक्षलाई पनि मन्त्री र वडा सदस्यलाई पनि माननीय भन्ने गरी कानुन बनाइयोस् । संघ र प्रदेशका मन्त्री र माननीयको संख्याले मात्र अलि पुगेन । हरेक टोलमा वर्तमान र पूर्व मन्त्री र माननीयको उपलब्धता छ । तर, अब हरेक घरमा हुनुपर्‍यो । अनि पो संघीय लोकतान्त्रिक गणतन्त्र सफल हुनेछ !



**- रञ्जित तामाङ**

नेपाल सरकारले लिएको ऋण कहाँ र कसरी खर्च भइरहेको छ भनेर बहस हुनु पर्दथ्यो । तर, हामीकहाँ तीन करोड नेपालीको थाप्लोमा ऋण भाग लाएर उफ्रिनभन्दा केही जानेको छैन । ऋण त जापानजस्तो खराँट देशले पनि लिन्छ । तर, नेपाल र जापानले लिने ऋणमा फरक के छ, भनेर कहिल्यै बहस भएन ।



**- डम्मर खतिवडा**

ज्योति गुरुङको ठगीमा धनराजलाई कारबाही गर्ने हो भने रवि लामिछानेको ठगीमा निकिता पौडेललाई पनि पक्राउ गर भन्ने गुरुङको भनाई असङ्गत तुलना र गैर जिम्मेवार अभिव्यक्ति हो । लामिछाने फरार भए पौडेलमाथि छानबिन हुन सक्थ्यो तर, स्वयम् छन् । ज्योति फरार छिन् र सगोलमा लिएको ऋण देखिन्छ ।

# स्वास्थ्य सेवामा सुधारको सन्देश

विचार



● डा. बच्चुकैलाश कैनी

स्वास्थ्य सेवा हरेक नागरिकको व्यक्तिगत, सामाजिक, आर्थिक र समग्र विकाससँग जोडिएको हुनाले आम जनताका लागि प्रत्यक्ष चासोको विषय हो । जब नयाँ सरकार बन्छ र नयाँ स्वास्थ्यमन्त्रीको पदबहाली हुन्छ, तब स्वास्थ्य सेवामा गर्नुपर्ने र स्वास्थ्य मन्त्रालयले गर्ने सुधारको निकै लामो सूची सार्वजनिक हुन्छ । यस्ता सूचीहरू हतारमा तयार हुने र सम्बन्धित सबै पक्षसँग आवश्यक एवम् पर्याप्त परामर्श र छलफल नहुने हुनाले स्वास्थ्य सेवा सुधारको लागि गर्नुपर्ने सबै कामको लागि कार्यदिशा, कार्ययोजना, स्रोत र साधनको व्यवस्था, आवश्यक रकमको विनियोजन, विभाग र विभागीय प्रमुखहरूको कार्यविभाजन आदि काम गर्दा निकै नै कमीकमजोरीहरू रहेको आभास हुन्छ । स्वास्थ्य सेवा सुधारका योजनाहरू अपूरो, अधुरो र कमजोर हुन्छन् ।

हरेक सुधारको पहिलो र महत्वपूर्ण सर्त सेवाप्रदायक निकाय, पेसाकर्मी र हरेक सरोकारवाला निकाय र व्यक्तिहरूलाई सुधारको कार्ययोजनामा सहभागी गराउनु हो । स्वाभाविक छ, स्वास्थ्य सेवा स्वास्थ्यकर्मीहरूले प्रदान गर्छन् । उनीहरूको संलग्नता, उत्साहपूर्ण सहभागिता र सहयोगबिना कुनै पनि कार्यक्रम सफल हुँदैन र सुधार कार्यक्रमले अपेक्षित उद्देश्य पूरा हुन सक्दैन । त्यसैले, कुनै दीर्घकालीन कार्यक्रम तय गर्नुपूर्व सम्बन्धित पक्ष, निकाय, व्यक्ति र सेवा प्रदान गर्ने पेसाकर्मीहरूसँग परामर्श गर्नु जरुरी हुन्छ । यसका लागि समय लाग्न सक्छ तर, परामर्शका लागि लाग्ने समयले राम्रो र उचित प्रतिफल दिन्छ ।

केही आशा र महत्वाकांक्षा बोकेर देशको स्वास्थ्य क्षेत्रको नेतृत्व सम्हालेका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले हालसालै सार्वजनिक गरेको आफ्नो एक सय दिनमा भएका मुख्य कामको सूची हेर्दा संघीय तहमा धेरै नै सुधारका कामहरूले सुरुवात गरेको देखिन्छ । सुरुवातमै घोषणा गरेको बीमा पाँच लाख पुर्‍याउन सकिने विषय कार्यान्वयनमा जाने हो भने देशको स्वास्थ्यमा आम नागरिकको पहुँच वृद्धिका लागि महत्वपूर्ण प्रभाव पार्नेछ । उनले घोषणा मात्र नगरी स्रोत बढाउन सकिने व्यावहारिक मार्ग पनि देखाएका छन् ।

देशमा जटिल समस्याका रूपमा देखिन थालेको क्यान्सर रोगको उपचार सातै प्रदेशमा थाल्ने निर्णय सामान्य मात्र होइन, संघीय देशका प्रदेश तहमा स्वास्थ्य सेवाको विस्तार अनि आम नागरिकको स्वास्थ्य समस्या सम्बोधन गर्ने दूरगामी सकारात्मक सुरुवात मान्न सकिन्छ । सहिद गङ्गालाल राष्ट्रिय हृदयरोग केन्द्रले मुटु उपचार सेवा सातै प्रदेशमा विस्तार गर्नेगरी गरेको निर्णयले अर्को दूरगामी प्रभाव पार्नेछ । केही सहरमा मात्र सीमित विशेषज्ञ उपचार प्रदेशका केन्द्रमा रहेका सरकारी अस्पतालमा पुर्‍याउन सक्ने हो भने त्यसले देशको स्वास्थ्य क्षेत्रको रूपान्तरण र आम नागरिकको पहुँचका लागि महत्वपूर्ण कोसेढुङ्गाको काम गर्नेछ ।

देशमा विपन्न भएकै कारण जलनमा परेर ज्यान गुमाउने र अङ्गभङ्ग हुने समस्या बढिरहेका बेला मन्त्री पौडेलले गरेको निःशुल्क उपचारको निर्णय पनि आम स्वास्थ्यमा पहुँच हुन नसक्नेका लागि महत्वपूर्ण निर्णय मान्न सकिन्छ । प्राविधिक क्षेत्रका नभए पनि दृढ इच्छाशक्ति र केही गर्छु भन्नेले थोरै समयमै पनि केही आशा देखाउन सक्छ भन्ने उदाहरण एक सय दिनभित्र मन्त्री पौडेलले सार्वजनिक गर्नुभएको निर्णयले प्रमाणित गरेको छ ।

चिकित्सा शिक्षा महँगो भएको अवस्थामा उपत्यका बाहिर सरकारी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमार्फत ५०/५० चिकित्सक अध्यापन सुरु गर्नुले चिकित्सक गोविन्द केसीले लामो समयदेखि उठाउँदै आएको अर्को प्रमुख माग सम्बोधन मात्र गरेको छैन, आर्थिक अभाव हुनेलाई स्वदेशमै चिकित्सा अध्ययनका लागि निकै ठूलो अवसर दिलाएको छ । यसले ती संस्थामा अभाव भएको चिकित्सक समस्यालाई समेत विद्यार्थी चिकित्सकमार्फत भए पनि केही राहतसमेत दिने र आम नागरिकलाई स्वास्थ्य सेवामा समेत सहज हुने अपेक्षा गर्न सकिन्छ । अस्पतालमा भीड व्यवस्थापनका लागि थालिएको अनलाइन प्रणालीले केही हदसम्म पहिलेभन्दा सुधार गरेको महसुस भए पनि यसको कुशल व्यवस्थापनमा अस्पतालका नेतृत्वकर्ता स्वास्थ्य जनशक्तिले केही बढी मेहनत गर्नुपर्ने देखिन्छ । आम नागरिकले लाइन अझै घटेको छैन भनेर सामाजिक सञ्जालमा व्यक्त गरेका प्रतिक्रियाले उनीहरूमा यसप्रति आशा भए पनि नतिजा सोचेजस्तो नआएकामा असन्तोष देखिन्छ । त्यसलाई सम्बोधन गर्न धेरैले बुझ्न सक्ने गरी प्रणालीबारे प्रचारप्रसार अनि गुनासो सम्बोधनमा तदारुकता देखाउन जरुरी छ । निर्णय गरेर मात्र हुँदैन व्यावहारिक कार्यान्वयन मुख्य विषय हो ।

समस्या र चुनौतीको खातमाथि बसेको स्वास्थ्य मन्त्रालयले हिजोको आजै वा निकट भविष्यमा स्वास्थ्य सेवामा उल्लेख्य सुधार गर्न सक्दैन । यसका लागि सबै सरोकारवालासँग परामर्श गरेर स्वास्थ्य क्षेत्रको सुधारका लागि दीर्घकालीन नीति र कार्यक्रम बनाउनु जरुरी हुन्छ । यस्ता नीति र कार्यक्रमहरू पहिले पनि नबनेका हैनन्, तर राजनीतिक अस्थिरताका कारण स्वास्थ्यमन्त्रीले पूरै पाँच वर्ष वा संसद्को अवधिभर नरहने तथा मन्त्रीकै पनि दृढ इच्छाशक्ति नहुँदा विगतमा सरकारका नीति र कार्यक्रमहरू बीचैमा अलपत्र गर्ने गरेका छन् ।

विगतको तथ्यांक हेर्दा, मातृ एवम् बाल स्वास्थ्यको क्षेत्रमा नेपालमा भएका सुधार र उपलब्धिको अन्तर ाष्ट्रिय क्षेत्रबाट खुलेरै तारिफ भएको छ । यस्तै, काम अब कुनै एक क्षेत्रमा मात्रै हैन, समग्र स्वास्थ्य क्षेत्रको आमूल रूपान्तरण गर्न वर्तमान सरकार, स्वास्थ्य मन्त्रालय र मन्त्रीको भूमिका महत्वपूर्ण हुन्छ । स्वास्थ्य क्षेत्रमा भएका कमी कमजोरी र सुधार गर्नुपर्ने कामहरूबारे स्वास्थ्य मन्त्रालयका अधिकारीहरूलाई जानकारी नै छ । तर ती कमी कमजोरीहरूलाई कसरी सुधार गर्ने र त्यसको लागि स्रोत र साधनको व्यवस्था कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण हो । यो काम मन्त्रालयका उच्च पदाधिकारीहरूको दीर्घकालीन सोच, प्रतिबद्धता र कुशल नेतृत्वले मात्रै सम्भव छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | शिक्षासम्बन्धी कार्यमा रोकावट आउनेछ । अनावश्यक खर्चको योग छ । |
| वृष | : | स्वास्थ्य लाभ हुनेछ । पराक्रममा वृद्धिको योग छ । |
| मिथुन | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ हुनेछ । |
| कर्कट | : | आहारमा ध्यान दिनुहोला, पेट सम्बन्धी समस्याको योग छ । |
| सिंह | : | व्यापारिक कार्यमा प्रगति हुनेछ । स्वास्थ्य लाभ मिल्नेछ । |
| कन्या | : | नाता-गोतासँग मनमुटाब रहनेछ । हतारमा कुनै निर्णय नलिनु होला । |
| तुला | : | सम्मानमा वृद्धि हुनेछ । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| वृश्चिक | : | नयाँ कार्यमा सावधानी अपनाउनु होला । प्रियजनसँग भेट हुनेछ । |
| धनु | : | स्वास्थ्य राम्रो रहनेछ । सुख समृद्धिमा वृद्धि हुनेछ । |
| मकर | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । उत्साह बढ्नेछ । |
| कुम्भ | : | घरेलु जीवन सुखमय रहनेछ । वैदेशिक यात्रा सफल हुनेछ । |
| मीन | : | धेरै लाभको कामना गर्नु हुँदैन । नयाँ योजनाहरू तय हुनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ‘उत्तर कोरियाले रुसमा सैनिक पठाएको प्रमाण छ’




**काठमाडौं/एजेन्सी–** अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले बुधबार उत्तर कोरियाले रुसमा सैनिक पठाएको प्रमाण रहेको बताएका छन् । दक्षिण कोरियाली गुप्तचर प्रमुखले सांसदहरूलाई तीन हजार उत्तर कोरियाली सैनिकले त्यहाँ ड्रोन र अन्य उपकरणको तालिम लिइरहेको र युक्रेनको युद्धभूमिमा खटाइने तयारी भइरहेको जानकारी दिएलगत्तै उनले सो कुरा बताएका हुन् । रोम भ्रमणका क्रममा पत्रकारहरूसँग कुरा गर्दै अस्टिनले वासिङ्टन पोस्टले पोस्ट गरेको भिडियोअनुसार भने, ‘उनीहरूले ठ्याक्कै के गरिरहेका छन् ? त्यो हेर्न बाँकी छ । यी कुराहरू हामीले पत्ता लगाउनु पर्ने विषय हुन् ।’

‘यदि ती सैनिकहरूले रुसको पक्षमा युक्रेन युद्धमा भाग लिए भने यो धेरै गम्भीर मुद्दा हुनेछ,’ यसले युरोप र इन्डो–प्यासिफिक क्षेत्रमा प्रभाव पार्ने उल्लेख गर्दै उनले भने । दक्षिण कोरियाली गुप्तचर निकायले यसै महिना रुसी नौसेनाले एक हजार पाँच सय उत्तर कोरियाली विशेष युद्ध सैनिकलाई रुस लगेको रिपोर्ट सार्वजनिक गरेको थियो ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि यसअघि १० हजार उत्तर कोरियाली सैनिकलाई रुसी आक्रमणकारी सेनामा सामेल हुन तयार पारिँदै गरेको गुप्तचर जानकारी आफ्नो सरकारसँग रहेको बताएका थिए ।

अमेरिका र नाटोले यसअघि उत्तर कोरियाको कथित सैनिक प्रेषणलाई औपचारिक रूपमा पुष्टि गरेका थिएनन्, तर यदि यो सत्य भएमा त्यस्तो विकासको खतराबारे चेतावनी दिएका थिए । रुस र उत्तर कोरियाले अहिलेसम्म सैनिक आवागमनको खण्डन गर्दै आएका छन् । दक्षिण कोरियाली राष्ट्रिय गुप्तचर सेवा (एनआइएस) का निर्देशक चो ताए-योङले बुधबार सांसदहरूलाई अर्को एक हजार पाँच सय उत्तर कोरियाली सैनिक रुस प्रवेश गरेको जानकारी दिनुभएको ब्रिफिङमा सहभागी सांसद पार्क सनवानले बताए ।

चोले सांसदहरूलाई उनको एजेन्सीले उत्तर कोरियाले डिसेम्बरसम्ममा रुसमा कूल १० हजार सैनिक तैनाथ गर्ने लक्ष्य राखेको मूल्यांकन गरेको जानकारी दिएको पार्कले पत्रकारहरूलाई बताए । पार्कले चोलाई उद्धृत गर्दै भने, ‘रुस पठाइएका तीन हजार उत्तर कोरियाली सैनिकलाई विभिन्न सैन्य आधारमा विभाजन गरिएको छ र तालिममा छन् ।’ उनका अनुसार चोले सांसदहरूलाई ती सैनिकलाई अझै युद्धमा तैनाथ नगरिएको एनआइएसको विश्वास रहेको बताए ।

एनआइएस ब्रिफिङबारे पार्कसँगै बोल्दै सांसद ली सियोङ क्वेउनले एनआइएसले रुसी सेनाले अहिले ती उत्तर कोरियाली सैनिकहरूलाई ड्रोन जस्ता सैन्य उपकरण प्रयोग गर्न सिकाइरहेको पत्ता लगाएको बताए ।

लीले एनआइएस प्रमुखलाई उद्धृत गर्दै भने, ‘रुसी प्रशिक्षकहरूले उत्तर कोरियाली सैनिकहरूको मनोबल र शारीरिक क्षमताबारे उच्च धारणा राखेका छन् तर आधुनिक युद्धको बुझाइको कमीले गर्दा उनीहरूले अन्ततः भारी क्षति बेहोर्नेछन् भन्ने सोच्छन् ।’ रुसले ठूलो संख्यामा दोभाषेहरू भर्ती गरिरहेको चोलाई उद्धृत गर्दै लीले भने ।

एनआइएस प्रमुखले सांसदहरूलाई उत्तर कोरियाले आफ्ना जनतालाई सैनिक प्रेषणबारे खुलासा नगरेको बताए । युक्रेनी सैन्य गुप्तचर निर्देशनालयका प्रमुख किरिलो बुदानोभले युक्रेनी घुसपैठको सामना गरिरहेका रुसी सैनिकहरूलाई सहयोग गर्न उत्तर कोरियाली सैनिकहरू आज रुसको कुर्स्क क्षेत्रमा आइपुग्ने अनलाइन सैन्य समाचार आउटलेट द वार जोनलाई जानकारी दिए ।

पश्चिमसँग छुट्टाछुट्टै द्वन्द्वमा फसेका उत्तर कोरिया र रुसले विगत दुई वर्षमा आफ्नो सहकार्य तीव्र रूपमा बढाउँदै आएका छन् । जुनमा उनीहरूले एक प्रमुख रक्षा सम्झौतामा हस्ताक्षर गरे ।

---

## Shree Janata Model Secondary School, Gurungchauri
**Belaka-04, Udayapur, Koshi Province, Nepal**

## Letter of Intent to Award the Contract

**First Date of Publication: 2081/07/08 (Oct 24, 2024)**

Pursuant to clause 27, sub clause 2 and 3 of Public Procurement Act, 2063 and ITB Clause 33 of Bidding Document, all concern bidders participated in the bidding as per notice published on City Post National Daily Newspaper dated on Sep 09, 2024 (24-05-2081 B.S.) are notified that, it is our intention to award the contract as provided in the table below.

| S. N. | Name of Project | IFB No. | Name and Address of Qualified Bidder | Bid Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | Construction of Shree Janata Model Secondary School Building, Belaka 04, Udayapur | JMSS/UDA/W/NCB/01/2081-082 | M/S Susham Nirman Sewa And Suppliers Pvt. Ltd. Chaudandigadhi-07, Beltar, Udayapur | NRs. 8,110,486.02 |

**Principal**
**Shree Janata Model Secondary School**

---

**कतारमा रोजगार** | कम्पनी : Budget Hypermarket Wll | शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०७/०७ | चलानी नं.: ६०२२७०२५ | L.T. No.: 312426

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CASHIER | 0 | 25 | स. काममा दक्ष | 1600 | ५८,९१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कार्तिक १५ गते (31 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu Contact No: 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035 | Chitwan Contact No: 0-56512369, 0-56512368, 9769328733, 9763597744, Pokhara Contact No : 9805146850, 9856020786, 9816115627

---

**साउदीमा रोजगार** | कम्पनी: Stone Rocks of Excellence Company | शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/०४ | चलानी नं.: ६०२२६९९२ | L.T. No.: 312457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: JAWA HUMAN RESOURCES COMPANY | शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०७/०४ | चलानी नं.: ६०२२६९९१ | L.T. No.: 312456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 80 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ कातिक १५ गते (31 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क१ नि:शुल्क क२ रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
जि.पि.ओ.बक्सः २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

---

**Saudi Arabia मा रोजगार** | कम्पनी : Nebras Maintenance & Operation Company (शहर: Saudi Arabia) | पूर्व स्वीकृत मिति: २०८१/०७/०७ | चलानी नं.: ६०२२७०१७ | LT. No.: 312588

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 2500 | ८९,७५० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमाः २०८१ कार्तिक १५ गते (31 Oct., 2024) मा हुनेछ ।**

[illegible]

श्रम इजाजत नं. १३४७/०७४/०७५
**Chartered Global Human Resources Pvt. Ltd.**
Tokha-10, Kathmandu, Nepal, Tel.: 01-4980114, 4988226
Mo.: 9851249861 / 9851249859 / 9813756198
Email: info@cg-hr.com, Web: www.cg-hr.com

---

**बहराइन र साउदीमा रोजगार** | कम्पनी : TEA TIME WLL. | शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०८१/०३/१४ | चलानी नं.: ६०२२१८६३ | L.T. No.: 307139 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४२७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 4 | 0 | | 140 | ४९८४२ | | | | | | | |
| 3. | Worker | 10 | 0 | | 130 | ४६२८२ | | | | | | | |

कम्पनी : PLANNING AND CONSTRUCTION COMPANY FOR GENERAL CONTRACTING, ONE PERSON | शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०७/०६ | चलानी नं.: ६०२२६९९६ | L.T. No.: 312521

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Drivers | 5 | 0 | | 1800 | ६४३३२ | | | | | | | |
| 3. | Load & Unloading Workers | 30 | 0 | | 1000 | ३५७४० | | | | | | | |
| 4. | Loading & Unloading Workers | 10 | 0 | | 1000 | ३५७४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ कार्तिक १५ गते (31 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका लागि विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.** LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com

---

**कतारमा बैदेशिक रोजगारको अवसर**

1 कम्पनी : Poporshi Contracting & Cleaning Services | शहर: Doha, Qatar
पूर्व स्वीकृती मिति : २०८१/०७/०५ | चलानी नं.६०२२७०१२ | LT No. 311845

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 2 | काममा दक्ष | 1200 | ४४,३८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Brick Masons | 2 | | 1200 | ४४,३८० | | | | | | | |
| ३. | Labourer | 5 | | 1000 | ३६,९८० | | | | | | | |

2 कम्पनी : Mohammad Mahedi Hospitality Services | शहर: Doha, Qatar
पूर्व स्वीकृती मिति : २०८१/०७/०६ | चलानी नं.६०२२७०१३ | LT No. 311846

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Receptionist | 0 | 4 | काममा दक्ष | 1400 | ५१,७८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Gen. Clean. Worker | 3 | 22 | | 1000 | ३६,९८० | | | | | | | |
| ३. | Representative | 3 | 0 | | 2200 | ८१,३७० | | | | | | | |
| ४. | Marketing | 0 | 2 | | 2100 | ७७,६७५ | | | | | | | |
| ५. | Supervisor | 2 | 0 | | 2500 | ९२,४७० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | नि:शुल्क | नि:शुल्क |

**अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८१ कार्त्तिक १५ गते (31 Oct, 2024) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) कामका विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np

---

## काठमाडौं जिल्ला, का.म.पा. ७, चावहिलमा रेष्टुरेन्ट सञ्चालन गरी बसो वास गर्ने संदिप सिंह ठकुरीको नाउँमा काठमाडौं महानगरपालिका ७ नं. वडा कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना

प्रकाशित मितिः २०८१/०७/०८

उपरोक्त सम्बन्धमा का.जि. काठमाडौं महानगरपालिका वडा नं ७ चावहिलमा टहरा वहालमा लिई सञ्चालन गर्ने निवेदक सुसिला घिमिरेले तपाईको विरुद्ध कोठाहरु खोली पाउँ भन्ने सम्बन्धमा उजुरी निवेदन यस ७ नं. वडा कार्यालयमा मिति २०८१/०६/२० गते दर्ता भई म्याद तामेल गर्न प्रक्रिया अघि बढाउदा हालसम्म म्याद रितपूर्वक तामेल हुँन नसकेकोले यो १५ दिने म्याद सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा उपस्थित भई वा कानून बमोजिम लिखित जवाफ पेश गरी निवेदकको माग बमोजिम कोठाहरु खाली गर्नु नपर्ने कुनै कारण भए पेश गर्नुहुन सूचना प्रकाशित भएको छ । म्याद भित्र लिखित जवाफ पेश नभएमा प्रचलित कानून बमोजिम भई जानेछ ।

**ईति सम्वत् २०८१ साल कार्तिक महिना ०६ गते रोज ३ शुभम् ।**

---

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको सूचना**

**सूचना प्रकाशित मिति :२०८१/०७/०८**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **OCTOPUS OVERSEAS PVT. LTD.** (इ.प.नं. १०१४/०६८/६९) सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा. खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित बैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| साविक शेयरधनीहरूको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. श्री शिवहरि तिमिल्सिना (०१-१५,०००) | १. श्री शिवहरि तिमिल्सिना (०१-३०,०००) |
| २. श्री अर्जुन रिजाल (१५,००१-३०,०००) | २. श्री अर्जुन रिजाल (३०,००१-४५,०००) |
| ३. श्री राजु महर्जन (३०,००१-४५,०००) | |

---

**वाटर इनर्जी सोलुसन लिमिटेड लि.नं. ३३९९८२/०८०/८१**
**प्रा.लि.कम्पनी लिमिटेडमा परिणत भएको**
**सार्वजनिक सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०८१/०३/१८ मा भएको निर्णय अनुसार मिति २०७४/०४/१८ मा प्रा.लि.नं. १७२२९९/०७४/०७५ मा दर्ता भएको वाटर इनर्जी सोलुसन प्रा.लि.को नाममा रहेको सम्पूर्ण ऋण धन दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी ऐन २०६३ (संशोधन सहित) को दफा १३ को उपदफा १ (क) बमोजिम लिमिटेड कम्पनीमा परिणत भएको हुँदा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको रजिष्टर्ड कार्यालय**
**मध्यपुर थिमी न.पा.-३ भक्तपुर, फोन नं.: ०१-५९२०७०८**

---

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**दावी विरोध सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८१/०७/०८

यस विभागबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **DAMARU RESOURCES PVT. LTD.** (ई.प.नं.५०८/०६१/०६२) को **काठमाण्डौ जिल्ला का.म.न.पा.-०९** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन **गरी काठमाडौ जिल्ला का.म.न.पा.- ३२** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी / निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

**नेपाल सरकार**
**वैदेशिक रोजगार विभाग काठमाडौं**
**दावी विरोध सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :२०८१/०७/०८**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **सन एण्ड कम्पनी इन्टरनेशनल प्रा.लि.** (ई.प.नं. १५६०/०७९/०८०) ले यस विभाग समक्ष इजाजतपत्र रद्द गरी बैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०७/०७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा मागबमोजिम इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा बैंक ग्यारेन्टी फुकुवा भइ जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

---

**साउदीमा रोजगार** | कम्पनी : RASHID CONTRACTING EST | शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८०/११/०९ | चलानी नं.: ६०२१५२४७ | LT.No.:300357 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Road Maintenance Worker | 20 | 0 | | 1000 | ३५७४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २० गते (5 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
